# मर्मत संभार कोष संचालन कार्यविधि , २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।०३।१०

## प्रस्तावना

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भुमिका खेलेको हुन्छ। सर्वसुलभ यातायात सिचाईको पहुँच ग्रामिण क्षेत्रमा पुऱ्याउने गाउँपालिकाको लक्ष्य पनि हो । गाउँ क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य वढ्दो छ र वनिसकेको सडकमा यातायात सुचारु गर्नको लागि तथा सुरक्षित र भर पर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ। तसर्थ सडक सिचाई भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो वनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले ,

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भगवतीमाई गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएकोछ ।

## परिच्छेद - १ (एक )

### १. संक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम "मर्मत संभार कोष संचालन निर्देशिका २०७५ " रहने छ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

### २. परिभाषा :

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ लाई बुझाँउने छ ।

ख) " गाउँपालिका " भन्नाले भगवतीमाई गाउँपालिका भन्ने बुझाउँने छ ।

ग) "स्थानिय तह " भन्नाले भगवतीमाई गाउँपालिका लाई बुझाउने छ ।

घ) "उपभोक्ता समिति " भन्नाले गाउँपालिकाको टोल र बस्ति क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समुहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउछ ।

## परिच्छेद - २ (दुई )

### ३. व्यवस्थापन समिति :

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भर पर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३. वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५. गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट | |

भगवतीमाई गाउँपालिका

समितिले तोकेको १ जना महिला — सदस्य

६. पुर्वाधार विकास प्रमुख — सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एक पटक बस्नेछ। तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।

ग) बैठक भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

घ) बैठक आवश्यक्ता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद - ३ (तिन )

### ४ कोष स्थापना :

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ। जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

क) नेपाल सरकार प्राप्त अनुदान रकम।

ख) प्रदेश सरकार बाट प्राप्त हुने रकम।

ग) गाउँ सभाबाट विनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्तहुने रकम।

ङ) गाउँपालिका क्षेत्र भित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धि योजनाहरुको भुक्तानी रकमको २ प्रतिसत ले हुन आउने रकम।

च) ऋणबाट प्राप्तहुने रकम।

छ) अन्य स्थानिय तहबाट मर्मत सम्भार वापद प्राप्त हुने रकम।

ज) विवध

### ५. कोष संचालन :

क) कोषको नाममा प्राप्तहुन आएको रकम भगवतीमाई गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिने छ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको सयुक्त दस्तखतबाट संचालन हुनेछ।

ग) कोषको आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद - ४ (चार)

### ६. कोषको खर्च प्रणाली

मर्मत सम्भार कोषमो जम्मा हुन आएको रकम देहाय बमोजिमको पुर्वाधार विकासको मर्मत संभार नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिने छ।

१) सडक , कल्भर्ट, पुल ढल, नाली खेल मैदान आदिको मर्मत सम्भार सम्बनिध कार्य।

२) सिचाई, खानेपानी, विधुत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्वन्धि कार्य।

भगवतीमाई गाउँपालिका

३) विद्यालयको भौतिक पुर्वाधार मर्मत सम्बन्धि कार्य ।
४) सार्वजनिक निकायका भौतिक संरचना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धि कार्य ।

**७. मर्मत सम्भारको लागि छनौट मापदण्ड :**

उपभोक्ता समितिबाट र वडा कार्यालय विद्यालय व्यवस्थापन समिति स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित पटके वा आर्थिक मर्मत संभारका लागि एकिकृत आर्थिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएको योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेको देहायका आधारमा प्रथामिकता निर्धारण गरी छनौट गर्नु पर्ने छ ।

क) सबै भन्दा वढी क्षती भएका भौतिक संरचनाहरु ।
ख) गाउँ यातापात गुरु योजनामा परेका सडकहरु ।
ग) भौतिक संरचना तथा पुर्वाधारको महत्वको आधारमा ।
घ) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा ।
ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।
च) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यक्ताको आधारमा ।
छ) दुई वा दुई भन्दा वढि स्थानिय तहलाई जोड्ने सडक, कृषि सडक , ग्रामिण सडक पुल पुलेसा कल्भर्ट , कुलो वाँध आदी ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

गाउँपालिका भित्र रहेको भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार , पटके मर्मत सम्भार , आवधिक मर्मत सम्भार , स्थानिय उपभोक्ता बाट अधिकतम रुपमा स्थानिय श्रोत साधन र जनसक्तिको प्रयोग गरी जनसहभागीता जुटाई प्रभावकारी रुपमा संचालन गरिने छ । गाउँपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार पटके मर्मत सम्भार , आवधिक मर्मत सम्भार आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुने छ ।

## परिच्छेद - ५ (पाँच)

**९. संसोधन वा खारेजी :**

क) मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुने छ ।

ख) यो निर्देशिका उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम अनुसार हुनेछ ।

ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानून र स्थानिय सरकार संचालन ऐन २०७४ संग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

भगवतीमाई गाउँपालिका

भगवतीमाई गाँउपालिका